# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

प.सं.. ०७६/७७ पञ्जीकरण

च.नं. ६०७

मिति: २०७७/०१/३०

विषय : मार्गदर्शन पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै
भरतपुर महानगरपालिका
भरतपुर, चितवन ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०१।१७ च.नं. ८४ को प्राप्त पत्र तथा "कोभिड- १९ को विरुद्धको अभियानमा अपाङ्गता सम्बन्धी सरोकारवालाहरुका लागि मार्गनिर्देशन, २०७७" यसै साथ संलग्न छ । सो पत्र मार्फत कोभिड -१९ महामारी व्यवस्थापनका सन्दर्भमा अपाङ्गता सम्बंन्धी सरकारी निकाय लगायत सम्पूर्ण सरोकारवालाहरुले निर्वाह गर्नु पर्ने भूमिका सम्वन्धी उक्त मार्गदर्शन कार्यान्वयनका लागि अनुरोध भै आएको हुँदा सो को कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ ।

२०७७।१।३०

कलावती ओझा
महिला विकास अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)


Scanned by CamScanner

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरवार, काठमाण्डौ।

प.सं.: ०७६/७७
च.नं.: ८४

मिति २०७७।०१।१७

श्री स्थानीय तह (सबै),

विषयः- मार्गदर्शन पठाइएको सम्वन्धमा ।

उपर्युक्त विषयमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ८० मिति २०७७।०१।१६ को पत्र तथा "कोभिड-१९ को विरुद्धको अभियानमा अपाङ्गता सम्वन्धी सरोकारवालाहरुका लागि मार्गनिर्देशन, २०७७" यसैसाय संलग्न छ । सो पत्रमार्फत कोभिड-१९ (COVID-19) महामारी व्यवस्थापनका सन्दर्भमा अपाङ्गता सम्वन्धी सरकारी निकायलगायत सम्पूर्ण सरोकारवालाहरुले निर्वाह गर्नुपर्ने भूमिका सम्वन्धी उक्त मार्गदर्शन कार्यान्वयनका लागि अनुरोध भई आएको हुदाँ सो को कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ ।

..................
बन्दना कर्ण
शाखा अधिकृत

वोधार्थ:
श्री महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरवार ।
श्री सूचना प्रविधि शाखाः पत्र website मा upload गरिदिनुहुन।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: १३३६३
दर्ता मिति:
९१२३

Scanned with CamScanner

Scanned by CamScanner

नेपाल सरकार

# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

(अपाङ्गता अधिकार प्रवर्द्धन शाखा)

सिंहदरवार, काठमाण्डौ
फोन नं ०१-४२००१२५

प.सं:
च.नं: ८०

मितिः२०७७।१।१६

दर्ता नं.:- ११९५८
२०७७।१।१६

विषय: मार्गदर्शन पठाइएको सम्वन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाण्डौ ।

नेपाल लगायत सिंगो विश्व कोरोना भाइरस (Covid-19) को महामारी विरुद्ध सँघर्षरत रहेको छ । उक्त महामारीको समयमा अपाङ्गता भएका व्यक्तिहरु रोगको संक्रमणवाट अझै वढी प्रभावित हुन सक्ने भएकोले अपाङ्गता सम्वन्धी सरोकारवालाहरु थप सक्रिय तथा कियाशिल हुनुपर्ने अवस्था छ । यस सन्दर्भमा UN Human Rights Commision अर्न्तगत Special Rapporteur on the Rights of Persons With Disabilities बाट कोभिड-१९ महामारीका समयमा सरकारी निकायलगायत सरोकारवालाहरुले निर्वाह गर्नुपर्ने भुमिका सम्वन्धी मार्गदर्शन (Guidence) प्राप्त भएको छ । उक्त मार्गनिर्देशन समेतका आधारमा यस मन्त्रालयवाट "कोभिड-१९ विरुद्धको अभियानमा अपाङ्गता सम्वन्धी सरोकारवालाहरुका लागि मार्गनिर्देशन, २०७७" स्विकृत गरी कार्यान्वयनका लागि तहाँ मन्त्रालय मार्फत सवै स्थानीय तहहरुमा पठाउने व्यवस्था समेतका लागि मिति २०७५/१/१५ मा (मा.मन्त्रीस्तरको) निर्णय भएकोले मार्गदर्शन यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

शशीधर घिमिरे
उप-सचिव

email:mail@mowcsw.gov.np

Scanned with CamScanner

Scanned by CamScanner

नेपाल सरकार

# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

अपाङ्गता अधिकार प्रवर्द्धन शाखा

## कोभिड-१९ महामारी विरुद्धको अभियानमा अपाङ्गता सम्बन्धि सरोकारवालाहरुको लागि मार्गनिर्देशन २०७७

क) अपाङ्गता भएका व्यक्तिहरु तथा परिवारहरु:

१. पुर्वसतर्कता सम्बन्धि

- अधिकतम सम्भब भएसम्म हिड्डुल कम गर्नुहोस, भीडभाडमा नजानुहोस तथा अन्य व्यक्तिहरुको सम्पर्कबाट टाढा रहनुहोस ।
- खोक्दा, हाच्छिउँ गर्दा, नाक, मुख कुहिनो वा टिस्यु पेपरले छोप्ने र प्रयोग गरेको टिस्यु पेपर विर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्नुहोस ।
- सेवा ,स्याहार वा हेरचाह गर्ने व्यक्तिले मुखमा मास्क लगाउने र सेवा दिँदा जस्तै सुताउने ,उठाउने , शौचालय लाने ,खुवाउने ,सफा गरिदिने जस्ता शरिरमा हात पर्ने कामहरू गर्नुभन्दा पहिले आफ्ना हात साबुन पानीले धोएर मात्र गर्नुहोस।
- आवश्यकता पुरा गर्न अपाङ्गता भएका व्यक्तिहरुलाई कुनै सुविधा छुट्टयाइएको भए तिनको प्रयोग गर्ने प्रयास गर्नुहोस ।
- तपाई सहायक सामग्रीहरु प्रयोग गर्नुहुन्छ भने त्यस्ता सामग्रीको सरसफाईमा पर्याप्त ध्यान दिनुहोस, नियमित रुपमा निसङ्क्रमण ( डिसइन्फेट) गर्न परिवार वा सेवा प्रदायकको सहयोग लिनुहोस् ।
- अपाङ्गता भएको व्यक्तिले सहयोगीसँग सेवा लिँदा सेवा लिने दिने दुवैले अनिवार्य मास्क प्रयोग गर्ने र हात साबुन पानी वा स्यानिटाइजरले सफा गर्नुहोस ।
- तपाँइ वा तपाँइको सहयोगीलाई ज्वरो आएको वा खोकी लागेको छ भने यस्तो अवस्थामा सहयोग नलिई दुवैले तुरून्तै नजिकको स्वास्थ्य संस्थामा गई तत्काल चिकित्सकको सल्लाह लिनुहोस।
- आवश्यक सामग्री खरिद गर्न सम्भव भएसम्म online वा टेलीफोन मार्फत अर्डर गर्नुहोस, वा परिवार तथा साथीभाईको सहयोग लिनुहोस् ।
- खाद्यान्न, सरसफाईका सामग्री, औषधि तथा अन्य सामग्री निश्चित समयका लागि पुग्ने गरि लिनुहोस् ता कि तपाइलाई पटकपटक भिडभाड वा अरुको सम्पर्कमा जानु नपरोस
- थप जानकारीका लागि आधारभुत संरक्षणका उपायहरु सम्बन्धि WHO guideline हेर्नुहोस र संकटको समयमा सोहीअनुसार अघि बढ्नुहोस ।



Scanned with CamScanner

Scanned by CamScanner

- नेपाल सरकारले मजदुर, आर्थिक रुपमा कमजोर र आबश्यक पर्ने व्यक्तिहरुलाई राहतको व्यवस्था गरेको छ, अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता राखेको छ, तपाईलाई आवश्यक परे आफ्नो नजिकको वडाकार्यालयमा सम्पर्क गर्नुहोस, आफू राहत लिन जान नसक्रे अवस्थामा सहयोगीको साथ लिनुहोस र यदि सो पनि संभव नभए बडा कार्यालयमा आफ्नो अवस्थाको बारेमा सबै विवरण दिएर बसेको स्थानमै राहत सामग्री उपलब्ध गराइदिन अनुरोध गर्नुहोस ।
- वडामा सम्पर्क नभए तपाइको गाउँपालिका वा नगरपालिकाको प्रमुख लाई अनुरोध गर्नुहोस र सेवा नपाए सङ्घीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयका सम्वन्धित प्रदेशमा समन्वय र सहजीकरण गर्न तोकिएका तपसिलका अधिकारी लाई सम्पर्क गर्नुहोस ।

| सि. न | सम्पर्क व्यक्ति | प्रदेश | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | उप-सचिव श्री प्रल्हाद कार्की | प्रदेश न. १ | ९८५११५७४८५ | |
| २ | उप-सचिव श्री ऋषीराज आचार्य | प्रदेश न. २ | ९८४१२९६९९० | |
| ३ | उप-सचिव श्री अच्युतराज रेग्मी | वागमती प्रदेश | ९८४१३६७८६६ | |
| ४ | उप-सचिव श्री बाबुराम भुसाल | गण्डकी प्रदेश | ९८४१३५३६८३ | |
| ५ | उप-सचिव श्री डिलाराम पन्थी | प्रदेश न. ५ | ९८४१६१३२२८ | |
| ६ | उप-सचिव श्री रामप्रसाद वाग्ले | कर्णाली प्रदेश | ९८५२०६११४५ | |
| ७ | उप-सचिव श्री रेशमलाल कंडेल | सुदूरपश्चिमम प्रदेश | ९८५१२१३८२३ | |

- अन्य कुनै समस्या वा जानकारीका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको अपाङ्गता सम्बन्धि फोकल पर्सन उप-सचिब श्री शशीधर घिमिरे (९८५१२१९९८५ ) लाई सम्पर्क गर्न सक्नुहुनेछ

२. परिक्षण वा उपचार सेवा आबश्यक पर्ने अवस्था;

- तपाईको परिवारका सदस्य वा सहयोगी हरुलाई तपाईको स्वास्थ्यलगायतका महत्वपूर्ण सूचना बताउनुहोस, ताकि तपाई बिरामी भए उपाचारमा सजिलो होस्
- परिवारका सबै सदस्यहरु बिचमा कोरोना संक्रमण भइहालेमा वा सहयोग आबस्यक परे कसले के गर्ने भन्ने विषयमा तयारी गर्नुहोस



Scanned with CamScanner

Scanned by CamScanner

- परिवारका सबै सदस्यहरुले संकटमा सहयोग गर्नसक्ने व्यक्ति, संस्था, सेवा प्रदायक र यसका नेटवर्क बारे जानकारी राख्नुहोस् सम्पर्क नम्बर सुरक्षित गर्नुहोस ताकि कुनै सदस्य बिरामी पर्दा अन्य सदस्य अलमलिनु नपरोस
- नजिकको स्वास्थ्य संस्था र वडाअध्यक्ष वा वडा कार्यालयको सम्पर्क नम्बर राखिराख्नुहोस,
- नेपाल सरकारले तय गरेका स्वास्थ्यसम्बन्धी हटलाईन नम्बर ११३३ र १११५ याद राख्नुहोस्, राख्न लगाउनुहोस्
- नजिकको एम्बुलेन्स सेवा सम्बन्धि जानकारी राख्नुहोस्

ख) पुनर्स्थापन केन्द्र तथा सेवा प्रदायकहरु:

- समुहमा गरिने थेरापी (Group Therapy) कोरोना भाइरसको माहामारी नियन्त्रणमा नआउन्जेल सम्म नगराउने। थेरापीको विषयमा घरमा गर्ने अभ्यासहरु सिकाउने वा टेलिफोन, भाइवर, ह्वाट्स एप, स्काइप जुम वा म्यासेन्जरको माध्यमबाट परामर्शहरू दिने वा फलोअप गर्ने ताकी व्यक्तिले पुनर्स्थापना केन्द्रमा नआइकनै घरैमा त्यस्ता सेवाहरू लिन सकुन।
- संकटका बेला कम कर्मचारीहरूबाट काम गर्ने र online तथा नया ढंग बाट सेवा पुर्याउने गरि योजना बनाइ काम गर्न सहायक सामग्री सफा राख्न र संक्रमणमुक्त गराउने उपायहरूको बारेमा सिकाउने।
- सहयोगीले हेरचाह गर्दा ध्यान दिनपर्ने कुराहरुको बारेमा सहयोगीलाई विस्तृत जानकारी गराउने र सिकाउने। आवास र आवासीय सुविधालाई संक्रमण मुक्त राख्ने सबै उपायहरू अपनाउने। बाहिरबाट हुने आवतजावत संक्रमण समाप्त नभइन्जेल सम्मको लागि रोक्ने र यदि कोहि आउनै पर्ने परिस्थिति भएमा सावुन पानीले हात धुने, मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने र स्यानीटाइजरको प्रयोग गर्ने कुराको पूर्ण पालना गराउने
- आवासमा रहेका अपाङ्गता भएका व्यक्तिहरू समक्ष सबै उपयुक्त वा पहुँचयुक्त विधि अपनाएर भाइरस, यसको संक्रमण र संक्रमणबाट बच्न अपानउनुपर्ने उपायहरूको बारेमा सूचनाहरू पुर्याउने।
- आवासमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य अवस्थाको बारेमा नियमित रूपमा जानकारी लिने, नियम पालना गरेको नगरेको अनुगमन गर्ने र कुनै लक्षण देखिएमा तत्काल स्वास्थ्यकर्मीको सहयोग लिने।
- आवासमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई नियमित रूपमा सावुन पानीले हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने र सामाजिक दुरी कायम गर्ने जस्ता नियमहरूको पालना गराउने।
- संकटमा अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा तथा टेवा पुर्याउने सन्दर्भमा बन्दाबन्दी लगायत निषेधकारी आदेशका कारण आइपर्ने अबरोध हटाऊन सरकारी निकायमा समन्वय गर्ने



Scanned with CamScanner

Scanned by CamScanner

- सङ्क्रमणको जोखिम कम गर्न तथा थप क्षमता विकास गराउने, अपाङ्गता सम्बन्धी सेवा दिने तथा यसक्षेत्रमा कम गर्ने संघसंस्थाहरु (जस्तै राष्ट्रिय अपाङ्ग महासंघ नेपाल) संग सम्पर्क तथा संजलिकरण गर्ने
- नेपाल सरकारले मजदुर, आर्थिक रुपमा कमजोर र आवश्यक पर्ने व्यक्तिहरुलाई राहतको व्यवस्था गरेको छ, अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता राखेको छ, आवश्यक परे आफ्नो नजिकको वडाकार्यालयमा सम्पर्क गर्ने
- वडामा सम्पर्क नभए तपाइको पुनर्स्थापन केन्द्र रहेको गाउँपालिका वा नगरपालिकाको प्रमुख लाई अनुरोध गर्नुहोस र सेवा नपाए सङ्घीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयका सम्बन्धित प्रदेशमा समन्वय र सहजीकरण गर्न तोकिएका तपसिलका अधिकारी लाई सम्पर्क गर्ने

| सि. न | सम्पर्क व्यक्ति | प्रदेश | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | उप-सचिव श्री प्रल्हाद कार्की | प्रदेश न. १ | ९८५११५७४८५ | |
| २ | उप-सचिव श्री ऋषीराज आचार्य | प्रदेश न. २ | ९८४१२९६९९० | |
| ३ | उप-सचिव श्री अच्युतराज रेग्मी | बागमती प्रदेश | ९८४१३६७८६६ | |
| ४ | उप-सचिव श्री बाबुराम भुसाल | गण्डकी प्रदेश | ९८४१३५३६८३ | |
| ५ | उप-सचिव श्री डिलाराम पन्थी | प्रदेश न. ५ | ९८४१६१३२२८ | |
| ६ | उप-सचिव श्री रामप्रसाद वाग्ले | कर्णाली प्रदेश | ९८५२०६११४५ | |
| ७ | उप-सचिव श्री रेशमलाल कंडेल | सुदूरपश्चिमम प्रदेश | ९८५१२१३८२३ | |

- अन्य कुनै समस्या वा जानकारीका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको अपाङ्गता सम्बन्धि फोकल पर्सन उप-सचिब श्री शशीधर घिमिरे (९८५१२१९९८५) लाई सम्पर्क गर्न सक्नुहुनेछ



Scanned with CamScanner

Scanned by CamScanner

२. परिक्षण वा उपचार सेवा आबश्यक पर्ने अवस्था;

- केन्द्रका सदस्य हरुको स्वास्थ्यलगायतका महत्वपूर्ण सूचना संकलन गर्ने, ताकि संक्रमणमा व्यबथापन गर्न सजिलो होस्
- कोरोना संक्रमण भइहालेमा वा सहयोग आबस्यक परे के कसरी व्यबथा गर्ने भन्ने विषयमा तयारी गर्ने
- सहयोग गर्नसक्ने व्यक्ति, संस्था, सेवा प्रदायक र यसका नेटवर्क बारे जानकारी राख्नुहोस् सम्पर्क न सुरक्षित गर्नुहोस ताकि संकटमा अलमलिनु नपरोस
- नजिकको स्वास्थ्य संस्था र वडाअध्यक्ष वा वडा कार्यालयको सम्पर्क नम्बर खोजेर रखिराख्ने,
- नेपाल सरकारले तय गरेका स्वास्थ्यसम्बन्धी हटलाईन नम्बर ११३३ र १११५ याद राख्नु, राख्न लगाउने
- नजिकको एम्बुलेन्स सेवा सम्बन्धि जानकारी राख्नुहोस्

**(ग) अपाङ्गता क्षेत्रमा काम गर्ने संघसंस्था, सेवा प्रदायक संस्थाहरू, नागरिक समाज र समुदायले खेल्नुपर्ने भूमिका**

- सार्वजनिक प्रतिवन्धको अवस्थामा आफ्नो नजिकमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने,
- सार्वजनिक सेवा उपयोगमा प्राथमिकता दिने र कुनै सहयोगको जरूरी भएमा सम्वन्धित सरकारी निकायसँग समन्वय गराउने।
- कोरोना भाइरस, यसको संक्रमण र यसबाट बच्ने उपायहरुको बारेमा आधिकारिक सूचनाहरू धेरै भन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरू समक्ष पुर्याउने।
- अपाङ्गता भएका व्यक्तिमा भाइरस संक्रमणको लक्षण देखिएको कुनै जानकारी आएमा र स्वास्थ्य कर्मीको सहयोग लिन समस्या भएमा स्वास्थकर्मीको पहुँचमा पुर्याउन पहल गर्ने।
- सार्वजनिक प्रतिवन्धको अवस्थामा रहँदा सेवा सुविधामा पहुँच प्राप्त गर्न कुनै अपाङ्गता भएका व्यक्तिलाई समस्या भएमा सहजिकरण र समन्वय गर्ने।
- कोभिड - १९ विरूद्धको प्रतिकार्यलाई अपाङ्गता समावेशी बनाउने सरकार, अन्तर्राष्ट्रिय समुदाय, राष्ट्रसंघीय निकायहरूमा आवाज उठाउने, सुझाव र सल्लाहहरू उपलब्ध गराउने।
- सरकारले गरेका राहतका कार्यक्रमहरूमा सघाउने र यसलाई अपाङ्गता समावेशी बनाउन सहजकर्ताको भूमिका खेल्ने।

घ) राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तथा अन्य अपाङ्गता सम्बन्धि महासंघ र संघहरु

- सार्वजनिक प्रतिवन्धको अवस्थामा विभिन्न संचार माध्यमहरूमार्फत (टेलिफोन, स्काइप, म्यासेन्जर, फेसवुक, टूवीटर, ह्वाट्स एप, मोवाइल, इमेल) अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाको बारेमा नियमित जानकारी लिने र कुनै सहयोगको जरूरी भएमा सम्वन्धित सरकारी निकायसँग समन्वय गराउने।



Scanned with CamScanner

Scanned by CamScanner

- कोरोना भाइरस, यसको संक्रमण र यसबाट बच्ने उपायहरुको बारेमा आधिकारिक सूचनाहरू अपाङ्गता मैत्री बनाउन सहयोग गर्ने र धेरै भन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरू समक्ष पुर्याउने।
- अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता भएकै कारणले उपचार वा सेवा सुविधामा कुनै विभेद भएमा सम्बन्धित निकाय र संचार माध्यममा आवाज उठाउने, जनवकालत गर्ने।
- अपाङ्गता भएका व्यक्तिलाई सरकारले गरेका राहतका कार्यक्रमहरूमा समेटाउने र यसलाई अपाङ्गता समावेशी बनाउन सहजकर्ता तथा विज्ञ साझेदारको भूमिका खेल्ने।
- सार्वजनिक प्रतिबन्धको अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई सहयोग र उद्धारमा भूमिका खेल्ने

ङ) स्वास्थ्यकर्मीहरुका लागि

- कोभिड-१९ का लागि WHO guideline to Health workers को पूर्ण पालना गर्ने
- कोभिड-१९ को टेस्ट तथा उपाचार सेवा भौतिक, सामाजिक तथा आर्थिक अवरोधहरु घटाई/हटाई अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त बनाउने
- अपाङ्गता भएका व्यक्तिहरूको अवस्था अनुसार कसरी संचार गर्ने र व्यवहार गर्ने भन्ने विषयमा पूर्ण जानकारी राख्ने र यसको लागि सम्बन्धित विज्ञहरूसँग सहयोग खोज्ने।
- स्वास्थ्य सम्बन्धी जानकारी मौखिक तथा लिखित सुचनामा मात्र भर नपरी बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकताबारे जानकारी लिई सजिलै बुझ्ने तरिका तथा विभिन्न फर्म्याटहरुमा उपलब्ध गराउने
- पूर्ण वा अतिअसक्त अपाङ्गता भएका व्यक्तिहरु क्वारेन्टाइन वा आइसोलेशनमा बस्नु पर्ने अवस्थामा सहायक सामग्री सांकेतिक भाषा दोभाषे र व्यक्तिगत सहयोगी सेवा लगायत अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसार सेवा पर्याप्त उपलब्ध गराउने र यसका लागि आबस्यकता अनुसार परिवार, सहयोगी तथा सामाजिक सेवा प्रदायकहरु संग समन्वय गर्ने
- Ventilator जस्ता महत्वपूर्ण तथा अपर्याप्त श्रोत प्रयोगको निर्णय लिदा अपाङ्गता भएका व्यक्तिहरुलाई समेत WHO guideline अनुसार प्राथमिकता दिने
- अपाङ्गता भएका व्यक्तिहरुलाई टेलीफोन, मोबाइल सन्देश, भिडिओ कन्फेरेन्स मार्फत परामर्स सेवाहरु तथा मनोसामाजिक सेवाहरु उपलब्ध गराउने
- स्वास्थ्य सम्बन्धी सल्लाह, सुझाव र परामर्श दिँदा संचारको उपयुक्त विधि अपनाउने र अपाङ्गता भएका व्यक्तिले पर्याप्त रूपमा बुझेका छन् भन्ने कुरामा सुनिश्चित हुनुपर्छ।



Scanned with CamScanner

Scanned by CamScanner

५) संघ,प्रदेश तथा स्थानीय तहका सरकारी निकायहरु:

- कोरोना भाइरस, यसको संक्रमण र यसबाट बच्न हरेक व्यक्तिले अपनाउनुपर्ने उपायहरूको बारेमा दिइने सार्वजनिक सूचना र सरकारी निर्णयहरूको बारेमा दिने जानकारी र सूचनाहरू सांकेतिक भाषा, अडियो, भिजुअल, चित्र र सरल भाषाको प्रयोग गरेर सबैको पहुँच हुनेगरि प्रवाह गर्ने ।
- क्वारेन्टाइन स्थालहरू, संक्रमण परीक्षण गर्ने ठाउँहरू र आइसोलेसन वार्डहरू छनौट गर्दा वा निर्माण गर्दा उक्त स्थानहरूको भौतिक अवस्था, शौचालय र त्यहाँ उपलब्ध गराइने अन्य सेवा सुविधाहरू अपाङ्गता भएका महिला, बालबालिका, ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता, दृष्टिविहीन व्यक्ति, बौद्दिक अपाङ्गता, अटिजम, हेमोफिलिया, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त बनाउने कुरामा ध्यान दिने । यस्ता स्थानहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गता सूचना तथा सहयोग कक्ष स्थापना गर्ने ।
- क्वारेन्टाइनमा रहेको अवस्थामा वा कोही अपाङ्गता भएको व्यक्ति संक्रमित भएको कारणले आइसोलेसनमा राख्दा यदि नीजले आफ्नो शारीरिक वा मानसिक अवस्थाको कारण कुनै नियमित औषधी सेवन वा प्रयोग गरिरहेको, कुनै स्वास्थ्य सम्वन्धी उपकरण वा सामग्री प्रयोग गरिरहेको भएमा सो कुरा नियमित हुने व्यवस्था मिलाउने ।
- कोभिड - १९ विरूद्ध काम गर्न स्वास्थ्यकर्मीहरूलाई विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार, सल्लाह, परामर्शको क्रममा उनीहरूका विशिष्ट आवश्यकतालाई ध्यान पुर्याइ काम गर्ने बारेमा प्रशिक्षण दिने ।
- क्वारेन्टाइन वा आइसोलेसनमा राख्दा वा उपचारको क्रममा व्यक्तिगत सहयोगी, स्याहारकर्ता, सांकेतिक भाषा दोभाषे, नोट टेकर चाहिने अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षाका सबै उपाय अपनाइ यस्ता सेवाहरू उपलब्ध गराउने व्यवस्था गर्ने।
- बन्दाबन्दी अवस्थामा घरपरिवार, कार्यालय, संस्थाभित्र अपाङ्गता भएका व्यक्ति, अपाङ्गता भएका महिला, बालबालिका माथि हुन सक्ने संभावित हिंसा र दुर्व्यवहारको जोखिमलाई मध्यनजर गर्दै विशेष सतर्कता अपनाउनुपर्ने । जस्तै गुनासो लिने पहुँचयुक्त विधि र माध्यमहरू, तत्काल गुनासो सुन्ने, उद्दार गर्ने र अपराधीलाई नियन्त्रणमा लिने आदि ।



Scanned with CamScanner

Scanned by CamScanner